## परियोजनाका प्रमुख संभाग तथा क्रियाकलापहरु

**संभाग १. दिगो वन व्यवस्थापनका लागि नयाँ सरकारी संरचना र प्रक्रियाहरूको लागि नीति र क्षमता विकास**

**संभाग २. समुदायमा आधारित दिगो वन व्यवस्थापन तथा साना किसानका लागि वृक्षरोपण**

- क. दिगो वन व्यवस्थापन
- ख. विपन्न समुदायहरुलाई वनक्षेत्र हस्तान्तरण तथा सहायता
- ग. साना किसानका लागि नीजि वृक्षरोपण
- घ. सार्वजनिक जग्गाहरुमा वृक्षरोपण तथा कृषि वन विकास

**संभाग ३. वन उद्यमहरुको सुधार तथा विकास**

- क. वनमा आधारित नीजिक्षेत्रका लागि अनुकूल वातावरण तयार गर्न कार्यक्रमहरु
- ख. वनमा आधारित साना तथा मझौला उद्यमहरु स्थापना तथा सुधारका लागि ऋण प्रवाहको डिजाइन तथा परीक्षण

**संभाग ४. परियोजनाको सुशासन, अनुगमन तथा सिकाई**

### वन उद्यमको सुधार तथा विकासको लागि विशेष कार्यक्रम ऋण परिचालन

संभाग ३ अन्तरगत कृषि विकास बैङ्क मार्फत छनौट भएका वित्तीय संस्था वा आफैले वन उद्यमहरुलाई माग बमोजिम परियोजनाको उद्देश्य पुरा हुने गरी सहुलियत व्याजदरमा ऋण प्रवाह गर्ने व्यवस्था रहेको छ । विश्व बैंकबाट प्राप्त सहुलियत दरको ऋण सहयोगको सबै रकम यस संभागमा खर्च हुने गरि १७९ लाख अमेरीकी डलर (नेपाली मुद्रा करिब रू. २३२ करोड) पूँजी परिचालन गर्ने कार्यक्रम रहेको छ ।





यो परियोजना नितान्त नयाँ सोचका साथ सञ्चालन भैरहेको हुँदा यसको सफलता संघीय संरचना पश्चातको संरचनाको सफलतासँग जोडिएकोले सबै क्षेत्र तथा सरोकारवालाहरुको समन्वय तथा सहकार्य अति अपरिहार्य रहेको छ। सिकाइ नै सफलताको लागि सुधार गर्ने मूल आधार भएकोले सबै पक्षहरुको सद्भाव तथा शुभेच्छा सहित परियोजना सफल गराउन प्रत्यक्ष अप्रत्यक्ष योगदान गर्ने तथा यस परियोजनाको तयारी चरणमा सबै सरोकारवालाहरुले गरेको गहन योगदानको सदैव कदर गर्दछ। यो परियोजना आ.व. ०७९।०८० देखि पूर्ण रूपमा कार्यान्वयनमा रहेको छ ।










सिंहदर्जा सा.व.उ.स., सैनामैना-१०, रुपन्देहीको आ व ०७१/७२ मा पुनरोत्पादन कटान भएको स्थानमा २-२ मीटरकोदुरीमा खाडल खनी सालको बीउ रोपण गरी हुर्केको वनमा विभिन्न मितिमा लिइएको दृष्य

*फोटो: यज्ञमूर्ति खनाल*

### समर्पित अनुदान संयन्त्र (Dedicated Grant Mechanism-DGM)

स्थानीय समुदाय र आदिवासी जनजाती समुदायको क्षमता अभिवृद्धि कार्यको सञ्चालन छुट्टै निकायबाट हुने व्यवस्था रहेको छ । यसको लागि ग्रामिण पुनर्स्थापना संस्था Rural Reconstruction Nepal (RRN) ले कार्यान्वयन सहयोगी संस्थाको रुपमा कार्य गरिराखेको छ । यो कार्यक्रम समेत विश्व बैंकबाट अनुदानमा सञ्चालित कार्यक्रम हो र यो कृयाकलाप सम्बृद्धिको लागि वन कार्यक्रम कार्यान्वयन हुने लुम्बिनी र मधेश प्रदेशका ५० वटा स्थानीय तहमा केन्द्रित भै कार्यान्वयन हुनेछ । यो कार्यक्रमवाट स्थानीय समुदाय र आदिवासी जनजातिहरुको वन उद्यममा सहभागिता वढाउन उद्यम सञ्चालनका लागि अनुदान रकम उपलव्ध गराउने र क्षमता अभिवृद्धि गर्ने कार्यक्रम सञ्चालन भईरहेकोछ ।


थप जानकारीका लागि:

**सम्बृद्धिका लागि वन परियोजना**
**प्रादेशिक परियोजना व्यवस्थापन इकाई,**
**वन निर्देशनालय, लुम्बिनी प्रदेश, बुटवल**

फोन नं. ०७१-५७२९६८
इमेल: forestdirectorate5@gmail.com, ffplumbini@gmail.com
वेभसाइट: https://pfdir.lumbini.gov.np/


# समृद्धिका लागि वन परियोजना
## (Forests for Prosperity Project)

नेपाल सरकार तथा विश्व बैङ्कको संयुक्त लगानीबाट नेपालको लुम्बिनी प्रदेश र मधेश प्रदेशमा दिगो वन व्यवस्थापन मार्फत साना तथा मझौला वन उद्यमहरुलाई प्रवर्द्धन र विकास गर्नका लागि यो परियोजना वन क्षेत्रका कार्यक्रममा लगानी गर्ने उद्देश्यले तर्जुमा भएको हो । यो परियोजना विश्व बैङ्कको सहुलियत ऋण तथा अनुदान सहयोगमा नेपाल सरकार तथा विश्व बैङ्कबीच सन् २०२१ मार्च १९ मा सम्झौता भई वन तथा वातावरण मन्त्रालय, कृषि विकास बैङ्क र विश्व बैङ्कले संयुक्त रुपमा कार्यान्वयन गर्ने सहमति अनुसार संचालनमा रहेको परियोजना हो ।

यो परियोजना नेपालको मधेश तथा लुम्बिनी प्रदेशमा लागु भएको छ । यो परियोजना कार्यान्वयनको लागि केन्द्रिय तहमा संघिय परियोजना व्यवस्थापन इकाई, रेड कार्यान्वयन केन्द्रमा रहेको छ भने प्रदेशस्तरमा प्रदेश मन्त्रालय अन्तर्गत वन निर्देशनालयहरूमा परियोजना व्यवस्थापन इकाई रहेको छ । यसै गरी दुवै प्रदेशका २५ / २५ गरी ५० वटा स्थानीय तहको वन, वातावरण तथा विपद् व्यवस्थापनको लागि कार्य गर्ने शाखाले परियोजना समन्वय तथा कार्यान्वयनको कार्य गरिरहेको छ भने कृषि विकास बैङ्कले ऋण परिचालन गर्ने इकाईको रुपमा कार्य गरिरहेको छ ।

यस परियोजनाका लागि विश्व बैङ्कले २ करोड ४० लाख अमेरीकी डलर करिब ३ अरब नेपाली रुपैयाँ लगानी उपलब्ध गराएको छ । यसमध्ये अनुदान ६१ लाख अमेरीकी डलर (२५.५ प्रतिशत) तथा सहुलियत दरको ऋण सहायता १ करोड ७९ लाख अमेरीकी डलर (७४.५ प्रतिशत) रहेको छ । कार्यक्रम कार्यान्वयन गर्दै जाँदा प्रतिफल तथा उपलब्धीको आधारमा थप लगानी हुने सम्भावना समेत रहेको छ ।

यो परियोजना २०७८ श्रावण १ गते (सन् २०२१ को जुलाई १६ तारिख) देखि सञ्चालनमा आएको हो । यस आयोजनाको अवधि आ.व. ०७८/०७९ देखि आ.व. ०८२/०८३ सम्म (सन् २०२१ देखि २०२५) रहेकोछ ।

## परियोजनाको लक्ष्य तथा उद्देश्य

यस परियोजनाको समग्र लक्ष्य दिगो वन व्यवस्थापन (Sustainable Forest Management-SFM) मा सुधार गर्ने, वनबाट प्राप्त हुने फाइदाहरु वृद्धि गर्ने र नेपालको मधेश प्रदेश र लुम्बिनी प्रदेश भित्र खुद हरितगृह ग्याँस उत्सर्जन न्यूनीकरणमा योगदान गर्ने रहेको छ।

### उद्देश्य

- छोटो र मध्यम अवधिका प्रतिफलहरुले वनको समग्र उत्पादकत्व वृद्धि गर्ने ।
- वनमा आधारित साना तथा मझौला उद्यमहरुको विकास तथा सुधारमा योगदान गर्ने ।
- तराई भूपरिधि क्षेत्र भित्र उत्सर्जन न्यूनीकरण कार्यक्रमले लक्ष्य राखेको कार्बन उत्सर्जन न्यूनीकरण गर्न योगदान गर्ने ।

## परियोजनाको प्रमुख लक्ष्यहरु तथा अपेक्षित उपलब्धि

यस परियोजनाको उद्देश्य पुरा गर्नको लागि निम्न मूख्य लक्ष्य निर्धारण गरिएको छ ।

तालिका नं. १ परियोजनाको प्रमुख लक्ष्यहरु तथा अपेक्षित उपलब्धि

| नतिजा सूचकको विवरण | एकाइ | लक्ष्य |
|---|---|---|
| १. लक्षित वन र नजिकका समुदायहरुबाट मौद्रिक वा गैहमौद्रिक फाइदा प्राप्त गर्ने जनता | संख्या | १,१०,००० |
| २. हरितगृह ग्यास उत्सर्जन न्यूनीकरण | मिलियन मेट्रिक टन, $CO_2e$ | १७.७६ |
| ३. परियोजनाका कार्यान्वयनबाट लाभान्वित सन्तुष्ट वा अति सन्तुष्ट जनताहरु | प्रतिशत | ८०.०० |
| ४ व्यवस्थापन योजना अन्तर्गत ल्याइएको वनक्षेत्र | हेक्टर | १५,९०० |

## कार्यान्वयन संरचना

परियोजनाको कार्यान्वयनको लागि केन्द्रमा वन तथा वातावरण मन्त्रालयले नेतृत्व लिएको छ । केन्द्रमा वन तथा वातावरण मन्त्रालयका सचिवको अध्यक्षतामा विभिन्न मन्त्रालय, सम्बन्धित विभागहरु, कृषि विकास बैङ्क, गाउँपालिका महासंघ/नगरपालिका महासंघको प्रतिनिधी, वन पैदावर व्यवसायीहरूको संस्था, समुदायमा आधारित सहयोगी सञ्चालहरु (वन समूह, निजी वन, आदिवासी जनजाति, महिला आदि) सहितको बहुसरोकारवाला परियोजना निर्देशक समिति रहेको छ । त्यसैगरी प्रदेशमा वन क्षेत्र हेर्ने मन्त्रालयका सचिवको अध्यक्षतामा बहुसरोकारवाला प्रदेशस्तरीय परियोजना निर्देशक समिति रहेको छ ।

## परियोजना व्यवस्थापन इकाईहरु

कार्यक्रम व्यवस्थापनका लागि केन्द्रमा राष्ट्रिय परियोजना निर्देशकको नेतृत्वमा परियोजना व्यवस्थापन इकाई वन तथा वातावरण मन्त्रालय अन्तर्गत रेड कार्यान्वयन केन्द्रमा रहेको र प्रदेशमा प्रादेशिक परियोजना निर्देशकको नेतृत्वमा प्रदेश स्तरीय परियोजना व्यवस्थापन इकाई वन निर्देशनालयमा रहेको छ ।

## समृद्धिको लागि वन कार्यक्रम लागु भएका प्रदेशहरु तथा लुम्बिनी प्रदेशका जिल्ला तथा स्थानीय तहहरू

नेपाल



लुम्बिनी प्रदेश




| जिल्ला | स्थानीय तह |
|---|---|
| नवलपरासी (ब.सु.प.) | सुनवल, सरावल |
| रुपन्देही | सैनामैना, कञ्चन, देवदह, लुम्बिनी सांस्कृतिक |
| पाल्पा | बगनासकाली, तिनाउ, रैनादेवी छहरा |
| कपिलवस्तु | शिवराज, बुद्धभूमि, बाणगङ्गा |
| अर्घाखाँची | शितगङ्गा, पाणिनी |
| प्यूठान | सरुमारानी |
| रोल्पा | रुन्टिगढी |
| दाङ | घोराही, लमही, राप्ती, बंगलाचुली |
| बाँके | कोहलपुर, बैजनाथ, खजुरा |
| बर्दिया | बाँसगढी, बढैयाताल |

**सङ्घीय तह**

रेड कार्यान्वयन केन्द्र, बबरमहल, काठमाडौ, परियोजना व्यवस्थापन इकाई-१ केन्द्र

सार्वजनिक ऋण व्यवस्थापन कार्यालय, त्रिपुरेश्वर, काठमाडौ

कृषि विकास बैङ्क मुख्य कार्यालय, रामशाहपथ, काठमाडौ

**प्रदेश तह**

प्रदेश परियोजना व्यवस्थापन इकाई-२ प्रदेश (मधेश तथा लुम्बिनी) ।

डिभिजन वन कार्यालयहरु २२ वटा ।

**स्थानीय तह**

५० वटा स्थानीय तहका

वन तथा वातावरण क्षेत्र हेर्ने शाखा

डिभिजन वन कार्यालयहरु मार्फत दिगो वन व्यवस्थापन सम्बन्धि कार्यहरु सञ्चालन हुने गरी व्यवस्था गरिएको छ । लुम्बिनी प्रदेशमा वन तथा वातावरण मन्त्रालय मातहतको वन निर्देशनालय, बुटवलमा प्रादेशिक परियोजना व्यवस्थापन इकाई रहेको छ भने यस प्रदेशका १२ वटा जिल्लाका १४ वटा डिभिजन वन कार्यालयहरू खर्च केन्द्रको रूपमा रहेका छन् । त्यसैगरी यस प्रदेशका २५ वटा स्थानीय तहहरु नै खर्च केन्द्रको रूपमा रहेका छन् । अर्थ मन्त्रालय मातहतको सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले कृषि विकास बैङ्कको मुख्य कार्यालयमा ऋण परिचालन गर्ने र मुख्य कार्यालय मार्फत कृषि विकास बैंकको यस प्रदेशमा रहेका शाखा कार्यालयहरू मार्फत वन पैदावरमा आधारित उद्यमीहरुलाई ऋण परिचालनको व्यवस्था रहेको छ ।

## कार्यक्षेत्र

यो परियोजनाको कार्यक्षेत्र खासगरी दिगो वन व्यवस्थापन र उद्यम विकास तथा प्रवर्द्धनको कार्यहरू प्रदेशभर कार्यान्वयन हुनेछन् भने स्थानीय तह मार्फत कार्यान्वयन हुने कार्यक्रम खासगरी निजी वन विकास तथा व्यवस्थापन र सार्वजनिक जग्गामा वन विकास तथा व्यवस्थापनका कार्यहरू यस प्रदेशका छनौट भएका २५ वटा स्थानीय तहहरुमा मात्र काम गर्ने गरी कार्य क्षेत्र रहेको छ ।

यो परियोजना सञ्चालनका लागि जिल्लाहरुमा रहेका प्रदेश स्तरका वन क्षेत्रका कार्यालयहरु डिभिजन वन कार्यालय तथा सब डिभिजन वन कार्यालयहरु लगायतको भूमिका तथा प्राविधिक सहयोग यस परियोजनाको मुख्य ज्ञान तथा प्रविधिको स्रोत रहेको छ । धेरै प्राविधिक ज्ञानको आवश्यक पर्ने नर्सरी, दिगो वन व्यवस्थापन तथा वृक्षरोपण लगायतका क्रियाकलापहरुको लागि प्राविधिक व्यवस्थापन यी कार्यालयहरुबाट गर्ने प्रावधान रहेको छ ।

त्यसैगरी परियोजना कार्यान्वयनका लागि परियोजना सञ्चालन निर्देशिका २०७९, वृक्षरोपण अनुदान निर्देशिका २०७९, समुदायमा आधारित वन व्यवस्थापन अनुदान निर्देशिका २०७९, वातावरणीय तथा सामाजिक प्रतिवद्धता सम्बन्धी योजना तथा वातावरणीय तथा सामाजिक व्यवस्थापनको खाका, आदि प्रमुख दस्तावेजहरू रहेका छन् । त्यसैगरी समुदायमा आधारित वन व्यवस्थापन समूहहरु, निजी कृषकहरु तथा वन पैदावरमा आधारित उद्यमीहरूलाई ऋण परिचालन मार्फत वनको दिगो व्यवस्थापन योजना कार्यान्वयन, निजी तथा सार्वजनिक जग्गामा वन विकास, तथा वन पैदावरमा आधारित उद्यम विकास तथा प्रवर्द्धनका कार्यहरू हुने गरी व्यवस्था गरीएको छ ।